**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०३ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- पश्चिम बंगाल पुलिसले मालदा जिल्लामा सात न्यायिक अधिकारीहरूलाई घेराबन्दीमा पार्ने मुख्य षड्यन्त्रकारी सहित दुई जनालाई सिलगढीको बागडोगरा विमानस्थलबाट पक्राउ गरेको छ।

- पश्चिम बंगालमा राजनीतिक कार्यक्रमहरूबीच बारम्बार भइरहेको अशान्ति र तनावलाई ध्यानमा राख्दै, निर्वाचन आयोगले गैर कानुनी भेलाहरूमा प्रतिबन्ध लगाएको छ।

- कोलकता पुलिसले भवानीपुरमा भाजपा उम्मेदवार तथा विपक्षी दलका नेता शुभेन्दु अधिकारीको नामङ्कनको क्रममा भएको अशान्ति सम्बन्धी एफआईआर दर्ता गरेको छ।

- राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले गुड फ्राइडेको अवसरमा आफ्ना सहकर्मी नागरिकहरू, विशेष गरी इसाई समुदायलाई शुभकामना व्यक्त गर्नु भएको छ।

- आगामी बंगाल विधानसभा चुनावलाई लिएर पहाडको तीनवटा विधानसभा क्षेत्रका विभिन्न राजनीतिक दलका उम्मेद्वारहरूले पनि चुनाव प्रचार तीब्र बनाएको छ।

**पश्चिम बंगाल - गिरफ्तारी**

पश्चिम बंगाल पुलिसले मालदा जिल्लामा सात न्यायिक अधिकारीहरूलाई घेराबन्दीमा पार्ने मुख्य षड्यन्त्रकारी सहित दुई जनालाई सिलगढीको बागडोगरा विमानस्थलबाट पक्राउ गरेको छ। आरोपीको पहिचान अधिवक्ता मोफक्करुल इस्लामको रुपमा भएको छ ,उसलाई विमान चढ्न खोज्दै गर्दा पक्राउ गरिएको हो ।पत्रकारहरूसितको कुराकानीमा अपर महानिदेशक के. जयरामनले भन्नुभयो मोफक्करुल इस्लाम उत्तर दिनाजपुर जिल्लाको इटाहरका बासिन्दा हो र वर्तमानमा कोलकातामा बसोबास गरिरहेको छ ।

***उहाँले भन्नुभयो बुधबार भाषणको माध्यमले स्थानीय मानिसहरूलाई कथित तवरमा "उक्साएको" आरोपमा कालियाचक पुलिस स्टेशनमा उ विरुद्ध तीनवटा मामिला दर्ता गरिएको छ, जसपछि मोथाबारी विधानसभा क्षेत्र अन्तर्गत कालियाचक-2 ब्लक कार्यालयमा सात न्यायिक अधिकारीहरूलाई घेराउ गरिएको थियो। पुलिस अधिकारीले भन्नुभयो राष्ट्रिय अन्वेक्षण अभिकरणले जांचको जिम्मा लिएको भए पनि, पश्चिम बंगाल पुलिसले घटना "पूर्वनियोजित" थियो कि थिएन र यसमा थप व्यक्तिहरू संलग्न थिए कि थिएनन् भनेर पत्ता लगाउन आफ्नो जांच जारी राख्नेछ।उहाँले थप भन्नुभयो यो गिरफ्तारीका साथ पुलिसले घटनामा संलग्न भएको आरोपमा इंडियन सेक्यूलर फ्रंट-आईएसएफ उम्मेदवार सहित हालसम्म 35 जनालाई गिरफ्तार गरेको छ ।सर्वोच्च न्यायालयले मालदा घटनालाई न्याय प्रशासनमा बाधा पुऱ्याउने जानीबूझी गरिएको प्रयासको रूपमा बताएको छ।मुख्य न्यायाधीश न्यायामूर्ति सूर्यकांतको अध्यक्षतामा रहेको पीठले पूर्व जानकारीको बाबजुद पनि राज्यका अधिकारीहरूले तुरुन्तै सुरक्षा प्रदान नगरेकोमा चिन्ता व्यक्त गरेको छ, जसले गर्दा अधिकारीहरूलाई घण्टौंसम्म भोजन र पानी बिना नै बस्नुपरेको थियो। न्यायालयले मुख्य सचिव, गृह सचिव र पुलिस महानिदेशक लगायत राज्यका वरिष्ठ अधिकारीहरूलाई कारण बताओ नोटिस जारी गर्दै निष्क्रियताको स्पष्टीकरण मागेको छ।न्यायालयले निर्वाचन आयोगलाई न्यायिक अधिकारीहरूको सुरक्षा सुनिश्चित गर्न र मतदाता सूचीको विशेष गहन पुनरीक्षण- एसआईआर प्रक्रियाको सुचारू सञ्चालन सुनिश्चित गर्न पर्याप्त केन्द्रीय बलहरू माग गर्न र तैनाथ गर्न निर्देश दिईएको छ ।***

**नयाँ निर्देश- निर्वाचन आयोग**

पश्चिम बंगालमा राजनीतिक कार्यक्रमहरूबीच बारम्बार भइरहेको अशान्ति र तनावलाई ध्यानमा राख्दै, निर्वाचन आयोगले कठोर कारबाही गरेको छ। आयोग स्रोतका अनुसार, पश्चिम बंगालभरि हिजदेखि लागू हुने गरी सबै गैर कानुनी भेलाहरूमा पूर्ण प्रतिबन्ध लगाइएको छ। नयाँ निर्देशिका अनुसार, आयोगको पूर्व अनुमति बिना कुनै पनि जुलुस, बैठक वा सार्वजनिक भेला गर्न अनुमति दिइने छैन। यो पनि स्पष्ट गरिएको छ कि यदि यो नियम उल्लङ्घन गरियो भने, संलग्नहरू विरुद्ध तत्काल पक्राउसहित कडा कारबाही गरिनेछ। यसबाहेक, सीईओको कार्यालयमा जान पूर्व अनुमति अनिवार्य गरिएको छ। आयोगले कुनै पनि राजनीतिक दल वा समूहलाई अनुमति बिना भेला हुन अनुमति नदिने बताएको छ।

**शुभेन्दु अधिकारी- एफआईआर**

कोलकता पुलिसले भवानीपुरमा भाजपा उम्मेदवार तथा विपक्षी दलका नेता शुभेन्दु अधिकारीको नामङ्कनको क्रममा भएको अशान्ति सम्बन्धी एफआईआर दर्ता गरेको छ। निर्वाचन आयोगको उजुरीको आधारमा यो कारबाही गरिएको हो। हिज नामङ्कन पत्र  दर्ता गर्नुअघि शुभेन्दु अधिकारीले हाजरा क्रसिङदेखि सर्वे भवनसम्म रोड शो गर्नु भएको थियो। केन्द्रीय गृहमन्त्री अमित शाह पनि रोड शोमा उपस्थित हुनुहुन्थ्यो। रोड शो मुख्यमन्त्री ममता ब्यानर्जीको निवास अगाडिबाट जाँदा अचानक वातावरण तनावपूर्ण भयो। जसमा तृणमूल कांग्रेसका समर्थकहरूले त्यहाँ कालो लुगा लगाएर विरोध प्रदर्शन गरिरहेको आरोप छ। यस क्रममा भाजपा र तृणमूल कांग्रेसका कार्यकर्ताहरूबीच झडप भएको थियो। यस घटनापछि निर्वाचन आयोगले जिल्ला निर्वाचन अधिकारीसँग रिपोर्ट मागेको थियो। यसमाथि कारबाही गर्दै कोलकाता पुलिसले एफआईआर दर्ता गरेको छ। आज पुलिस स्रोतबाट प्राप्त जानकारी अनुसार कालीघाट पुलिस चौकीमा एउटा र अलिपुर पुलिस चौकीमा दुईवटा उजुरी दर्ता गरिएको छ।

**दिलीप घोष**

भाजपा नेता दिलीप घोषले मालदामा न्यायिक अधिकारीहरूलाई घेरेको घटनालाई लिएर तृणमूल कांग्रेसको कडा आलोचना गर्नु भएको छ। उहाँले आफूहरूले सुरुदेखि नै बंगालमा कानून व्यवस्था राम्रो नरहेको कुरा भन्दै आएको बताउनु भयो। आज खडगपुरमा पत्रकारहरूसँग कुरा गर्नु हुँदै श्री घोषले भन्नु भयो, हारको डरले तृणमूल कांग्रेसलाई विभिन्न ठाउँमा हिंसा गर्न प्रेरित गरिरहेको छ। निर्वाचन आयोगका अधिकारीहरूलाई घेरेर कालो झण्डा देखाइएका घटनाहरू पनि भएका छन्, जसले कानून व्यवस्थाको पूर्ण ध्वस्ततालाई संकेत गर्दछ। उहाँले भन्नु भयो, तृणमूल कांग्रेसले बल, धम्की र गुंडागर्दी मार्फत चुनाव जित्न खोजिरहेको छ। उहाँले बंगालमा कानून व्यवस्था कहाँ छ भन्दै प्रश्न पनि गर्नु भयो।

**मुख्यमन्त्री- गुडफ्राइडे**

राज्यकी  मुख्यमन्त्री ममता ब्यानर्जीले  सामाजिक सञ्जाल मार्फत गुड फ्राइडेको अवसरमा आफ्ना सहकर्मी नागरिकहरू, विशेष गरी इसाई समुदायलाई शुभकामना व्यक्त गर्नु भएको छ। आफ्नो सन्देशमा मुख्यमन्त्रीले भन्नु भयो, "गुड फ्राइडे पश्चात्ताप, प्रार्थना र बलिदानको दिन हो। म मेरा सम्पुर्ण इसाई दाजुभाइ दिदीबहिनीहरूलाई शान्तिपूर्ण र आशिषमय दिनको कामना गर्छु।

**एसएससी अधिकारी**

पश्चिम बंगालमा  चलिरहेको शिक्षक भर्ना प्रक्रियालाई ध्यानमा राख्दै, निर्वाचन आयोगले भर्ना प्रक्रियामा संलग्न स्कूल सेवा आयोग (एसएससी) का अधिकारीहरूलाई विधानसभा चुनावसँग सम्बन्धित कर्तव्यहरूबाट छुट दिएको छ। अदालत स्रोतका अनुसार, यस कदमको प्रशंसा गर्दै, न्यायाधीश कृष्ण रावलेले भन्नु भयो,  २०२५ सम्ममा २६ हजार  एसएससी रोजगारहरू रद्द गरेर सुरु गरिएको नयाँ शिक्षक भर्ना प्रक्रिया अब अवरुद्ध हुनेछैन।

***रिपोर्ट अनुसार, १ मार्चमा लगभग २४ स्कूल सेवा आयोगका अधिकारीहरूलाई मतदान अधिकारीको रूपमा नियुक्ति पत्र जारी गरिएको थियो। त्यसपछि, २५ मार्च मा एसएससीले कोलकाता उच्च अदालतमा पुनरावेदन दायर गरेको थियो। एसएससीका वकिलहरूले सर्वोच्च अदालतको निर्देशन अनुसार ३१ अगस्टसम्म शिक्षक भर्ना प्रक्रिया***

***पूरा गर्न सम्भव छ कि छैन भनेर अनिश्चित रहेको अदालतलाई बताउनु पर्ने थियो। आयोगले सम्पूर्ण काम र भर्ना प्रक्रिया केवल ३५ कर्मचारीहरूले सम्हाल्ने बताएको छ। यी मध्ये, २४ जना जनलाईले आफ्नो चुनावी कर्तव्य पूरा गरेपछि, केवल ११ कर्मचारीहरू बाँकी थिए। आयोगले शिक्षक तथा गैर-शिक्षक कर्मचारी भर्नाको लागि अन्तर्वार्ता लिइँदैछ भन्ने जानकारी पनि अदालतमा ल्याएको छ। त्यसैले कर्मचारीहरूलाई फिर्ता ल्याए पनि सर्वोच्च अदालतले तोकेको अगस्ट ३१ को समयसीमा अगाडि भर्ना सम्पन्न गर्न सम्भव नहुन सक्छ। संस्थाले एसएससी एक स्वायत्त संस्था रहेको र यसका कर्मचारीहरू पनि यसको अधीनमा काम गरिरहेका छन्, त्यसैले उनीहरूलाई चुनावी काममा खटाउनु नहुने तर्क गरेको थियो। निर्वाचन आयोगले पछि कलकत्ता उच्च अदालतलाई चुनावी कामको लागि नियुक्त २४ अधिकारीहरूलाई मुक्त गरिएको जानकारी गराएको छ।***

**पहाड- चुनाव प्रचार**

आगामी बंगाल विधानसभा चुनावलाई लिएर पहाडको तीनवटा विधानसभा क्षेत्रका विभिन्न राजनीतिक दलका उम्मेद्वारहरूले पनि चुनाव प्रचार तीव्र बनाएको छ। यस क्रममा हिज मात्र भारतीय जनता पार्टीको खरसाङ विधानसभा क्षेत्रका लागि आफ्नो नामङ्कन पत्र दर्ता गरेका उम्मेद्वार सोनम लामाले आज सोनादा पचेङ मण्डलमा चुनाव प्रचार गर्नु भयो। यसावधि उहाँसत भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा लगायत अन्य पार्टी प्रतिनिधिहरू पनि उपस्थित थिए। प्रचारको क्रममा श्री लामाले पूर्व सांसद तथा क्रामकपाका वरिष्ठ नेता आर.बी. राईको निवासमा पुगेर आशिर्वाद लिएका छन्। यसैबीच खरसाङ विधानसभा क्षेत्रका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका उम्मेद्वार अमर लामाले आफ्नो चुनावी प्रचारलाई तीव्रता दिँदै आज सुकना पानीघट्टा समष्टि अन्तर्गत मेरोनबारी चियाबारीमा श्रमिकहरू समक्ष पुगेर चुनाव प्रचार गर्नु भयो।
यसक्रममा पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै भागोप्रमो प्रार्थी अमर लामाले आफू विजय भएको खण्डमा श्रमिकहरूको समस्या समधान गर्नका लागि विधानसभामा आफूले अवाज उठाउने बताउनु भएको छ।

***अर्कोतिर दार्जीलिङ विधानसभा क्षेत्रबाट भारतीय जनता पार्टीका उम्मेद्वार नोमन राई अनि कालेबुङ विधानसभा क्षेत्रका आईजीजेएफ प्रार्थी बर्नेन ब्रिटो लेप्चाले भोली आ-आफ्नो नामङ्कन पत्र दर्ता गर्ने जानकारी प्राप्त भएको छ। यता इण्डियन गोर्खा जनशक्ति फ्रण्डबाट खरसाङ विधानसभा क्षेत्रकी उम्मेद्वार बन्दना राईले पनि आजदेखि विभिन्न चियाबारीमा पुगेर आफ्नो चुनावी अभियान शुरू गर्नु भएको छ। यसैबीच कालेबुङबाट भाजपा उम्मेद्वार भरत छेत्रीले गुड फ्राइडेको अवसरमा पेदोङस्थित स्केर्ड हार्ड चर्चमा पुगेर प्रथना सभामा भाग लिनु हुँदै आशिर्वाद लिनु भयो। यसका साथै भागोप्रमो कालेबुङ विधानसभाका क्षेत्रका उम्मेद्वार रूदेन सादा लेप्चा अनि दार्जीलिङका उम्मेद्वनार विजय कुमार राईले पनि आफ्नो चुनावी प्रचार शुरू गरेका छन्।***

**निर्वाचन आयोग**

निर्वाचन आयोगले आसाम, केरला, पुडुचेरी, तमिलनाडु र पश्चिम बंगाल सरकारहरूलाई मतदानको दिन मतदाताहरूलाई तलबी बिदा प्रदान गर्न निर्देशन दिएको छ। आयोगले कुनै पनि व्यवसाय, व्यापार, औद्योगिक प्रतिष्ठान वा अन्य कुनै पनि प्रतिष्ठानमा कार्यरत जो कोहीलाई मतदानको दिन तलबी बिदा दिइने बताएको छ। आयोगले यस्तो तलबी बिदाको कारणले ज्यालामा कुनै कटौती नहुने र यी प्रावधानहरू उल्लङ्घन गर्ने कुनै पनि रोजगारदातालाई जरिवाना गरिने बताएको छ। सबै दैनिक ज्यालादारी र आकस्मिक कामदारहरूले पनि मतदानको दिन तलबी बिदा पाउन योग्य छन्। आयोगले सबै राज्य र केन्द्र शासित प्रदेश सरकारहरूलाई यी प्रावधानहरूको कडाईका साथ पालना सुनिश्चित गर्न र सबै मतदाताहरूले स्वतन्त्र र सहज रूपमा आफ्नो मताधिकार प्रयोग गर्न सकून् भनी सुनिश्चित गर्न सम्बन्धित सबैलाई आवश्यक निर्देशन जारी गर्न निर्देशन दिएको छ। निर्वाचन आयोगले थप भनेको छ, आफ्नो निर्वाचन क्षेत्र बाहिर रहेका औद्योगिक वा व्यावसायिक प्रतिष्ठानहरूमा कार्यरत तर मतदान क्षेत्रमा मतदाताको रूपमा दर्ता भएका मतदाताहरूले पनि तलबी बिदाको लाभ पाउनेछन्।

**विष्ट- फाँसीदेवा**

दार्जीलिङका सांसद राजु विष्टले फाँसीदेवा विधानसभा क्षेत्रबाट भाजपा उम्मेदवार दुर्गा मुर्मुको समर्थनमा आज बिजलीमणी चिया बगानमा चिया श्रमिकहरूबीच प्रचार गर्नु भयो। उहाँले श्रमिकहरूलाई भोटको लागि अपील गर्नु भयो। यस

समयमा भाजपा उम्मेदवार दुर्गा मुर्मु पनि उहाँसँगै हुनु हुन्थ्यो। श्री विष्टले श्रमिकहरूलाई सम्बोधन गर्नु हुँदै भन्नु भयो, यदि भाजपाले राज्यमा सरकार बनायो भने, पश्चिम बंगाल विकासको राष्ट्रिय मार्गमा अगाडि बढ्नेछ, तर यदि तृणमूल कांग्रेस सत्तामा रह्यो भने, राज्यको अवस्था बिग्रन सक्छ। उहाँले आसाममा चिया श्रमिकहरूले धेरै सुविधाहरू पाउँने गरेको , जबकि पश्चिम बंगालमा उनीहरूले पर्याप्त सुविधाहरू नपाउने बताउनु भयो। उहाँले यदि नरेन्द्र मोदीको नेतृत्वमा सरकार बनिएमा, चिया श्रमिकहरूको ज्याला ३५० रूपियाँ पुऱ्याइने र उनीहरूले भूमि अधिकार पनि पाउने आश्वसन दिनु भयो। सांसदले यो चुनावलाई पानी, सडक र ढल निकासको मुद्दा मात्र नभई "बंगालको अस्तित्वको लागि लडाई" को रूपमा वर्णन गर्नु भयो।

**प्रवर्तन निदेशालय**

पश्चिम बंगाल विधानसभा चुनाव अघि, प्रवर्तन निदेशालय (ED) ले फेरि एक पटक रासबिहारी विधानसभा क्षेत्रका तृणमूल कांग्रेसका उम्मेदवार तथा निवर्तमान विधायक देबाशिष कुमारलाई जग्गा हडप्ने मुद्दामा ईडी कार्यलयमा बोलाएको छ। उनी आज बिहान लगभग ११ बजेर ३०मिनट सीजीओ कम्प्लेक्सस्थित ईडी कार्यालयमा पुगेका थिए। यो भन्दा अघि सोमबार पनि सोही मुद्दामा सोधपुछका लागि उनलाई पहिले नै बोलाइएको थियो। स्रोतका अनुसार देबाशिष कुमारलाई पछिल्लो पटक धेरै घण्टा सोधपुछ गरिएको थियो। चुनावको ठीक अगाडि भएको यो कारबाहीले सत्तारुढ दल भित्र केही असहजता सिर्जना गरेको छ। यद्यपि, देबाशिष कुमारले पहिले नै यो समनको चुनावमा कुनै प्रभाव नपर्ने र आफु यसप्रति पूर्ण रूपमा विश्वस्त रहेको बताएका थिए। जग्गा हडप्ने मुद्दाको सम्बन्धमा विगत केही दिनदेखि ईडी-को गतिविधि तीव्र भएको छ। यसअघि शनिबार कोलकाता र वरपरका धेरै क्षेत्रहरूमा छापा मारिएको थियो। निजी संस्थाका धेरै कार्यालयहरूमा पनि खोजी गरिएको थियो। रिपोर्टका अनुसार जग्गा हडप्ने आरोपमा लगभग १६ देखि १७ एफआईआर दर्ता गरिएको छ र यस मामिलामा अभियान जारी छ।

**इभान फाउण्डेशन- सफाई अभियान**

खरसाङको सक्रिय सामाजिक संस्था ईभान फाउण्डेशनले सेभ अर्थ फर लाईफको संयुक्त आयोजनामा आगामी पाँच अप्रेलको दिन धोबी खोलामा व्यापक सफाई अभियान आयोजना गर्ने इभान फाउण्डेशनका अध्यक्ष प्रशान्त शर्माले जानकारी गराउनु भएको छ। यस अभियानमा अन्य पनि धेरैवटा सामाजिक संस्थाका सदस्यहरूको उपस्थिति रहने उहाँले बताउनु भएको छ। उहाँले खरसाङ बजार नजिक रहेको धोबी खोलामा धेरै फोहोर रहेको कारण यसको अस्तित्व नै संकटमा रहेको कारण सफाई अभियान गर्न लागेको पनि बताउनु भएको छ। यसका साथै उहाँले स्थानीयवासी साथै पर्यटकहरूलाई पनि यस क्षेत्रमा फोहोर नगरिदिने आह्वान गर्नु भएको छ।

**मौसम**

पश्चिम बंगालमा केही दिनदेखि गर्मीको लहर निरन्तर बढिरहेको छ। कोलकाता सहित राज्यका धेरै भागहरूमा दिन र रातको तापक्रम सामान्यभन्दा माथि रेकर्ड गरिएको छ। मौसम विभागका अनुसार, आगामी दिनहरूमा तापक्रम अझ बढ्ने छ, जसले गर्दा गर्मी र आर्द्रता बढ्नेछ। शनिबारसम्म कोलकाताको अधिकतम तापक्रम ३७ डिग्री सेल्सियस पुग्न सक्ने अनुमान गरिएको छ भने पश्चिमी जिल्लाहरूमा ४० डिग्री सेल्सियस पुग्न सक्ने अनुमान गरिएको छ। शुक्रबार र शनिबार उत्तर बंगालमा पानी पर्ने सम्भावना कम हुनेछ र तापक्रम तीन देखि पाँच डिग्रीले बढ्न सक्ने विभागले जनाएको छ। यद्यपि, आइतबारदेखि बुधबारको बीचमा मौसम परिवर्तन हुने र मेघगर्जनसहित वर्षाको सम्भावना बढ्नेछ। सोमबार उत्तर बंगालका सबै जिल्लाहरूमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ।

****** ० ******